# स्थानीय राजपत्र


## याङवरक गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ७)** **थर्पु, पाँचथर** **माघ १६ गते, २०८० साल** **(संख्या १२**


# भाग १

## याङवरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँपालिका, गाउँ सभाको मिति २०८०/१०/१५ गते सम्पन्न चौधौं अधिबेशनको दोस्रो बैठकले पारित गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०८० सालको ऐन संख्या-४**

**नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी ऐन, २०८०**

**प्रस्तावना:** गाउँपालिका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाई न्याय, सूरक्षा तथा व्यवस्थाको प्रत्याभुती गर्न, बजार क्षेत्रको प्रभावकारी र यथोचित व्यवस्थापन गर्न, गाउँपालिका भित्र प्राकृतिक तथा साँस्कृतिक स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न, गाउँपालिकाबाट पारित हुने नीति, कानून, निर्णय तथा प्रशासनिक आदेशहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरणका लागि सूरक्षा, संरक्षण, व्यवस्थापन, नियन्त्रण गर्न, गाउँपालिकामा जुनसुकै बेला हुन सक्ने विपद्जन्य घटनाको रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको लागि खोजी, उद्धार, राहत तथा पुनःस्थापनाको कार्य गर्न, गाउँपालिकाको सेवा प्रवाहमा सहयोग पुर्याउँदै गाउँपालिका भित्र शान्ति सुव्यवस्था कायम गर्दै गाउँबासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरीको गठन, संचालन एवं व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम याङवरक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो ऐनको नाम "नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन २०८०" रहेको छ।

ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "गाउँपालिका" भन्नाले याङवरक गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) "कार्यालय" भन्नाले याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ । र सो शब्दले आबश्यकता अनुसार वडा कार्यालयलाई समेत जनाउनेछ।

ग) "समिति" भन्नाले यस ऐन बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ

घ) "नगर प्रहरी" भन्नाले यस ऐन बमोजिम नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

ङ) "भत्ता" भन्नाले याङवरक गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ।

च) "अध्यक्ष" भन्नाले याङवरक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

ज) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, मापदण्ड, कार्यविधि वा निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## नगर प्रहरी सेवा गठन र परिचालन

३. **नगर प्रहरी सेवाको गठन** :

१) नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, प्रचलित अन्य कानून तथा संविधानको कार्य विस्तृतिकरण बमोजिम नगर प्रहरीसँग सम्बन्धित अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले तोकेका कार्यहरु कार्यान्वयन गर्न एक "याङवरक नगर प्रहरी सेवा" गठन हुनेछ।

२) उपदफा १ बमोजिमको सेवामा नियुक्त हुने प्रहरी कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

३) प्रहरी कर्मचारीको रेखदेख, सुपरिवेक्षण, नियन्त्रण, परिचालन र निर्देशन गर्ने अधिकार अध्यक्षको सामान्य निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

४) गाउँपालिकामा नगर प्रहरीको आबश्यकता, औचित्यता, कार्य बोझ, कार्य प्रकृति, आर्थिक क्षमता लगायतको बिषयमा अध्ययन गरी संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गरी नगर प्रहरीको तह, पद, संख्या सहितको दरबन्दी गाउँसभाले स्विकृत गर्नु पर्नेछ।

५) उपदफा (४) बमोजिम दरबन्दी संरचना सिर्जना गर्दा करार दरबन्दी मात्र सिर्जना गर्नु पर्नेछ।

६) उपदफा (४) बमोजिम दरबन्दी स्विकृत नभइन्जेल सम्मको लागि नगर प्रहरीको संगठन संरचना देहाय बमोजिम हुनेछ।

क) नगर प्रहरी हवल्दार -१ जना

ख) नगर प्रहरी जवान -३ जना

४. **नगर प्रहरीको पोशाक, दर्ज्यानी चिन्ह आदिः** नगर प्रहरीको पोशाक, किसिम, सोको रंग, दर्ज्यानी चिन्ह, ब्याज, तथा निजले धारण गर्ने सूरक्षा तथा सञ्चारका साधन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :** १) गाउँपालिकाको काम, कर्तव्य कार्यान्वियन गर्नु र गाउँपालिकाले तोकेको काम गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

२) उपदफा १ र यस ऐनमा अन्यत्र उल्लेख गरेको अतिरिक्त देहायका कामहरु गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वियन गर्ने,

२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,

४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

५) न्यायिक समितिले गरेको फैसला, मिलापत्र तथा निर्णय कार्यान्वियन गर्ने,

६) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने,

७) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापनाका कार्य गर्ने,

८) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने,

९) छाडा चौपायाको नियन्त्रण गर्ने,

१०) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

११) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफैँ हटाउने र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने,

१२) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, कुवा मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्राविधिक शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने,

१३) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने,

१४) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने,

१५) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने,

१६) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने,

१७) गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने,

१८) गाउँपालिकाले सञ्चालन गर्ने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट आबश्यक सूरक्षा तथा अनुशासन व्यवस्थापन गर्ने,

१९) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने,

२०) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

२१) गाउँपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने

२२) प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

३) नगर प्रहरीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ र सो को जानकारी कार्यालयलाई दिनु पर्नेछ।

४) कार्यालयले तोकेको जुनसुकै समयमा पनि काम गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

५) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्युटी रोष्टरको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

६) दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत अध्यक्ष समक्ष पेश गर्नेछ।

## परिच्छेद-३

## नगर प्रहरीको नियुक्ति र सेवा शर्त सम्बन्धि व्यवस्था

६. **पदपुर्ति-** १) नगर प्रहरीको नियुक्ति सेवा करारमा खूला प्रतियोगिताद्वारा गरिनेछ।

२) खुला प्रतियोगिताद्वारा पदपुर्ति गर्दा तोकिए बमोजिम समावेशिताको आधारमा गर्नु पर्नेछ।

७. **पदपुर्ति समितिः-** १) नगर प्रहरीको नियुक्तिको लागि देहाय बमोजिमको पदपुर्ति समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत-संयोजक

ख) संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी-सदस्य

ग) कर्मचारी प्रशासन शाखा प्रमुख-सदस्य-सचिव

२) पदपुर्ति समितिले नगर प्रहरीको परीक्षा संचालन गर्ने प्रयोजनार्थ जिल्ला प्रहरी कार्यालयको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य राख्नु पर्नेछ।

३) पदपुर्ति समितिको काम, कर्तव्य अधिकार तथा अन्य कार्यविवरण सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **न्यूनतम योग्यता तथा अयोग्यता :-** १) खुला प्रतियोगिताद्वारा नियुक्त हुने नगर प्रहरी सेवाको विभिन्न पदमा उम्मेद्वार हुन चाहने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता सङ्घीय प्रहरी सेवाको समान पदको प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ। तर भूतपूर्व नेपाल प्रहरी कर्मचारीको लागि यो दफा लागू हुने छैन।

२) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियुक्त हुन योग्य मानिनेछ।

क) नेपाली नागरिक

ख) १८ वर्ष पुरा भई ३० वर्ष पुरा नभएको तर भुतपूर्व प्रहरी सेवाको कर्मचारीको लागि ४५ वर्ष ननाघेको

ग) तोकिए बमोजिमको शारिरिक तथा शैक्षिक योग्यता भएको

३) देहायको ब्यक्ति नगर प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछ।

क) गैर नेपाली नागरिक

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको व्यक्ति

ग) भबिष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त भएको व्यक्ति

९. **पदपुर्ति सम्बन्धि अन्य प्रकृया :-** पदपुर्ति सम्बन्धि कार्यतालिका, छनोटको आधार, पाठ्यक्रम, परीक्षण काल तथा अन्य प्रकृया सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **नियुक्ति बदर हुने अवस्था :-** नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएमा जुनसुकै बेला सफाईको मौका दिई करार अन्त्य गरिनेछ।

११. **शपथ ग्रहण :-** नगर प्रहरी कर्मचारीले तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

## परिच्छेद-४

## आचरण

१२. **दान उपहार लिन नहुने :-** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्सिस, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन।

१३. **चन्दा लिन नहुने :-** कुनै प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

१४. **सम्पत्तिको विवरण दिनुपर्ने :-** नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले दुई महिना भित्र गाउँ कार्यपालिकाको कार्यालयमा सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ।

१५. **व्यापार व्यवसाय गर्न नहुने :-** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन।

१६. **कर्तव्य पालनाको क्रममा जानकारीमा आएका कुराहरु सार्वजनिक गर्न नहुने :-** प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस ऐन बमोजिम अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

१७. **रेडियो, टेलिभिजन, विद्युतीय सञ्चार माध्यम वा पत्रिकासँग सम्पर्क राख्न नहुने :-** प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, विद्युतीय सञ्चार माध्यम वा पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा आम सञ्चारका माध्यमद्धारा प्रसारण गर्न हुँदैन।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ।

१८. **गाउँपालिकाको आलोचना गर्न नहुने :-** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँपालिकाबासीमा खल्लक पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन।

१९. **निर्वाचनमा भाग लिन नहुने :-** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन।

२०. **राजनीतिमा भाग लिन नहुने :-** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

२१. **समय पालन र नियमितता :-** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

२२. **अनुशासन र आज्ञापालन :-** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नु पर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्नेछ।

२३. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :-** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन।

२४. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध :-** नगर प्रहरी कर्मचारीले मुलुकी देवानी संहिता बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन।

२५. **अन्य आचरण :-** १) नगर प्रहरी कर्मचारीले प्रचलित कानून तथा गाउँपालिकाको नीति, निर्णय, नियमको पालन गर्नु पर्नेछ।

२) स्वच्छ चरित्र एवं आचरण युक्त हुनु पर्नेछ।

३) ड्युटीमा खटिएको समयमा पान, गुट्खा, सूर्तिजन्य पदार्थ वा मद्यपान गर्नु हुँदैन।

४) गाउँपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन।

५) लैंगिक संवेदनशिल हुनु पर्नेछ।

६) आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भिकता पूर्वक निर्वाह गर्नु पर्दछ।

७) गाउँपालिकाको स्विकृत "कर्मचारी आचारसंहिता" को पालना गर्नु पर्नेछ।

८) तोकिए बमोजिमको अन्य आचरण पालना गर्नु पर्दछ।

## परिच्छेद-५
## सजाय र पुनरावेदन

२६. **सजाय :-** १) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

क) नसिहत दिने।

ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने।

ग) तलव रोक्का गर्ने।

घ) करार रद्द गर्ने

ङ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

२) उपदफा १ बमोजिमको सजाय निर्धारणको आधार, प्रकृया, सजाय तोक्ने अधिकारी, पुनरावेदनको प्रकृया तथा सजाय र पुनरावेदन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## तलब, भत्ता तथा अन्य सुविधा

२७. **तलब भत्ता :-** १) नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको मितिदेखि तलब भत्ता पाउने छ।

२) नगर प्रहरीको तलब भत्ता, राशन लगायतका अन्य सुविधा सम्बन्धि व्यवस्था करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

३) उपदफा (२) बमोजिम करार सम्झौतामा सेवा सुविधा तोक्दा नगर प्रहरी कर्मचारीको तलव स्केल समान तहको लागि नेपाल सरकारले सङ्घीय प्रहरी कर्मचारीलाई तोके सरह उल्लेख गर्नु पर्नेछ र राशन भत्ता पाँचथर जिल्लाको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार कायम गर्नु पर्नेछ।

२८. **तलब भत्ता तथा अन्य सुविधा सम्बन्धि व्यवस्था :-** नगर प्रहरी कर्मचारीले पाउने तलब, भत्ता, पोशाक, जुत्ता, चाडबाड खर्च, आवश्यक सूरक्षा सामाग्री तथा अन्य सुविधा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७
## विविध

२९. **करार नविकरण गर्न सकिने :-** १) प्रमुख प्रशासकीय अधिकृतले प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरी करार सम्झौता नविकरण गर्न सक्नेछ।

२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्य सम्पादन सन्तोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नविकरण गर्ने छैन।

३०. **निरिक्षण :-** गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष र अध्यक्षले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आबश्यक ठानेको निर्देशन दिन सक्नेछ।

३१. **पुरस्कार तथा प्रोत्साहन :-** नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय एवं प्रशंसनीय ढङ्गले कार्य गरेमा निजलाई गाउँ कार्यपालिकाको निर्णय अनुसार प्रोत्साहन वा पुरस्कार स्वरुप रकम, प्रशंसापत्र वा अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन सकिनेछ।

३२. **तालिम :-** १) गाउँपालिकाले नगर प्रहरीलाई शुरु नियुक्तिको समयमा र समय-समयमा आवश्यक सूरक्षा तथा काम, कर्तव्य अधिकार सम्बन्धि तथा विपद् व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था गर्नेछ।

२) तालिम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **बाधा अड्काउ फुकाउ :-** यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिले बाधा अड्काउ फुकाउने आदेश दिन सक्नेछ।

३४. **ऐनमा संशोधन :-** यस ऐनको कार्यान्वयनको क्रममा संशोधन गर्नु परेमा गाउँसभाले संशोधन गर्न सक्नेछ।

३५. **नियम, निर्देशिका, मापदण्ड, कार्यविधि बनाउन सक्ने :-** यस ऐनको उद्देश्य कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड, कार्यविधि बनाउन सक्नेछ।

३६. **बचाउ तथा खारेजी :-** यस ऐनमा लेखि जति कुराको हकमा यसै ऐन बमोजिम र बाँकी कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमाणीकरण मिति: २०८०/१०/१६**

**आज्ञाले**
**सुमन लिङदेन (लिम्वु)**
**प्रमुख प्रशासकीय अधिकृत**